**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ नवम्बर २०२५**
***समयः १८:५० – १९:०० बजे***

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले भारत सरकारले समाजलाई अझ समावेशी, शान्तिपूर्ण, स्वस्थ र मूल्य-आधारित बनाउनका लागि धेरै महत्त्वपूर्ण कदमहरू चालिरहेको बताउनुभयो।

२. राज्यकी मुख्यमन्त्री ममता बनर्जीले राज्यको स्टुडेनट क्रेडिट कार्ड परियोजना अन्तर्गत स्वीकृत आवेदनहरूको संख्या एक लाख नाघेको बताउनु भएको छ।

३. एस आइ आरलाई लक्षित गर्दै राज्यसभा सांसद डेरेक ओब्रायनको नेतृत्वमा तृणमूल कङ्ग्रेसको प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा निर्वाचन आयोगको भ्रमण गरेका छन्।

४. न्यू जलपाइगुडी रेलवे स्टेशनलाई विश्वस्तरीय स्टेशन बनाउने काम युद्दस्तरमा जारी रहेको छ

५. इण्डियन गोर्खा जनशक्ति फ्रण्टको श्रमिक संगठनले चिया श्रमिकहरूको न्यूनतम मजदुरी सुनिश्चित गर्न तत्काल कदम चाल्न माग गर्दै पश्चिम बंगालका श्रम मन्त्री मलय घटकलाई पत्रचार गरेको छ।

**PREZ-LUCKNOW**

राष्ट्रपति द्रौपदी मुर्मुले भारत सरकारले समाजलाई अझ समावेशी, शान्तिपूर्ण, स्वस्थ र मूल्य-आधारित बनाउनका लागि धेरै महत्त्वपूर्ण कदमहरू चालिरहेको बताउनुभयो। जसमा विश्वभर योग र ध्यानलाई प्रवर्द्धन गर्ने र अन्तर्राष्ट्रिय योग दिवस अभियानको अगुवाइ गर्ने जस्ता कार्यक्रम हुन्। बर्ष २०२५–२६ का लागि ब्रम्हकुमारीको वार्षिक नारा 'विश्व एकता र विश्वासका लागि ध्यान' शुभारम्भ समारोहमा बोल्दै राष्ट्रपतिले सो कुरा बताउनुभएको हो। उहाँले भन्नुभयो, 'भारतको प्राचीन सभ्यताले विश्वलाई सधैं वसुधैव कुटुम्बकमको सन्देश दिएको छ।

**ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यको स्टुडेनट क्रेडिट कार्ड परियोजना अन्तर्गत स्वीकृत आवेदनहरूको संख्या एक लाख नाघेको बताउनु भएको छ। एक सोसियल मिडिया पोस्ट गर्दै उहाँले यो सम्पूर्ण राज्यका विद्यार्थीहरूको लागि ठूलो खुशीको कुरा रहेको उल्लेख गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभयो, 'यस महत्वपूर्ण परियोजना अन्तर्गत विद्यार्थीहरूलाई १० लाख रुपैयाँसम्मको शिक्षा ऋण अत्यन्त कम ब्याजदरमा प्रदान गरिन्छ, जसको सम्पूर्ण ब्याज राज्य सरकारले बेहोर्छ। यो योजनाले युवा प्रतिभालाई आफ्नो अध्ययन र करियरको सपना पूरा गर्न सहयोग गर्ने उहाको भनाइ छ।

**टीएमसी-निर्वाचन आयोग**

राज्यसभा सांसद डेरेक ओब्रायनको नेतृत्वमा तृणमूल कङ्ग्रेसको दस सदस्यीय प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा निर्वाचन आयोगको भ्रमण गरेका छन्। प्रतिनिधिमण्डलले पश्चिम बङ्गालमा जारी गरिएको मतदाता नामावलीको विशेष गहन पुनरीक्षण प्रक्रियालाई केन्दित गर्दै निर्वाचन आयोगको भ्रमण गरेको बताइएको छ। यो बैठकपछि डेरेक ओब्रायनले आफ्ना पाँच प्रश्नमध्ये कुनै पनि प्रश्नको जवाफ आयोगबाट नपाएको आरोप लगाउनु भयो।

**एसआरआई**

पश्चिम बंगालमा गहन मतदाता पुनरीक्षण प्रक्रियालाई लिएर राजनीतिक हलचल तेज भएको छ। यसैबीच भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले त्रुटिरहित मतदाता नामावली तयार पार्न पर्याप्त समय माग गर्दै सो पार्टीले निर्वाचन आयोगलाई आग्रह गरेको छ। यसका साथमा केन्द्र र राज्य सरकार दुवैले यस प्रक्रियालाई लिएर जनतामा 'डरको वातावरण' सिर्जना गरिरहेको आरोप लगाएको छ।

**भारत बंग्लादेश फेन्सिङ**

भारत बंगलादेशको सीमामा काँड़ेतार लगाउनमा भइरहेको ढ़िल्याईलाई लिएर दायर एक जनहित याचिकामाथि आज कलकत्ता हाईकोर्टमा सुनवाई भयो। अन्तराष्ट्रिय सीमाको कैयौ किलोमिटरसम्म फेन्सिङ नभएको खण्डमा गत १३ नवम्बर न्यायालयले आज सरकारसंग हलफनामाको दावी गरेको थियो।

***मामिलाको सुनवाई मुख्य न्यायाधीशको कार्यवाहक डिभिजन बेन्चमा भयो तथापि राज्यले दोस्रो पल्ट आफ्नो पक्ष राख्नको निम्ति अघिल्लो समयको मांग गरेको छ। न्यायलयले राज्यलाई एक सप्ताहभित्र आफ्नो रिर्पोट बुझाउन आदेश दिएको छ। सुनवाईको क्रममा केन्द्रका अतिरिक्त सलिसिटर जनरलले दस्तावेज प्रस्तुत गर्दै केन्द्रिय केबिनेटको मंजुरी पश्चात पनि सीमामा काँड़ेतार लगाउन भूमि अधिग्रहण सम्बन्धी धनराशि राज्यलाइ दिईसकेता पनि राज्यको पक्षबाट उचित पहल नगरिएको भनिएको छ। उल्लेख्य छ , याचिकाले भूमि अधिग्रहणलाई लिएर राज्यको निष्क्रियता नै फेन्सिङ कार्यमा बाधा बनिरहेको अरोप लगाएको छ।***

**न्यू जलपाईगुड़ी**

न्यू जलपाइगुडी रेलवे स्टेशनलाई विश्वस्तरीय स्टेशन बनाउने काम भइरहेको तथा यो निर्माण कार्य २०२७ सम्ममा सम्पन्न हुने दार्जिलिङका सांसद राजु बिष्टले बताउनु भयो। आज कामको प्रगतिको निरीक्षण गर्न पुगेका सांसद बिष्टले यस्तो बताउनु भएको हो। उहाँले भन्नुभयो न्यू जलपाइगुडी स्टेशन मार्च 2027 सम्ममा विश्व-स्तरीय स्टेशन पूर्ण रूपमा तयार हुनेछ। जसमा निर्माण कार्यको ५० प्रतिशतभन्दा अधिक काम पुरा भएको छ। यसका साथमा श्री बिष्टले न्यू जलपाईगुडी स्टेशनलाई विश्वस्तरीय बनाउन सुरुमा ३३४ करोड छुट्याइएको थियो तर विद्युतीकरण र स्टेशनको अन्य पूर्वाधारका कारण लागत लगभग ५०० करोड पुग्ने अपेक्षा गरिएको बताउनुभयो।

**MRI मेसिन**

दार्जीलिङको भिक्टोरिया अस्पतालमा  MRI मेसिन जडान गर्ने प्रक्रिया सुरु भइसकेको  जिल्ला अस्पताल प्रभारी एंव जीटीए डेपुटी चिफ राजेस चौहानले जानकारी गराउनु भएको छ। यसका साथमा हाल सरकारी अस्पतालमा उपचारधीन बिरामीहरूलाई MRI गर्न आवश्यक परे सरकारी खर्चमै सिलिगुडी लगेर परीक्षण गराई ल्याउने कार्य भइरहेको पनि चौहानले बताउनु भयो। यसरी नै  जनमानसको सुझाव र सुविधालाई प्राथमिकता दिंदै जीटीएद्वारा दार्जीलिङको भिक्टोरिया अस्पतालको माथिल्लो तल्लामा District Integrated Public Health Laboratory निर्माण कार्य पनि युद्धस्तरमा अघि बढिरहेको पनि चौहानले बताउनु भयो।

**kpg**

लोकल लाइब्रेरी अथोरिटी तथा जीटीएको आयोजनामा भोलिदेखि २ दिसम्बरसम्म कालेबुङमा सातऔं वार्षिक पुस्तक मेला आयोजना हुने भएको छ आज यसबारेमा जानकारी गराउदै पुस्तकालय अधिकारी दावा तामाङले सम्पूर्ण साहित्य अनुरागी लगायतलाई  मेलामा सहभागी भइदिने आवहान गर्नुभयो।

**(IGJF)**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टको मिरिक महकुमा श्रमिक संगठनले चिया श्रमिकहरूको न्यूनतम मजदुरी सुनिश्चित गर्न तत्काल कदम चाल्न माग गर्दै पश्चिम बंगालका श्रम मन्त्री मलय घटकलाई औपचारिक रूपमा पत्र पठाएको छ। उक्त पत्र मिरिक श्रमिक संगठनका प्रतिनिधिहरूले डाक विभागमार्फत प्रेषित गरेका हुन्। श्रमिकहरूले पठाएको पत्रमा उल्लेख भएअनुसार, विश्वकै सबैभन्दा कम ज्यालामा काम गर्न बाध्य चिया श्रमिकहरूको जीवनस्तर दयनीय बन्दै गएको आवस्था, दैनिकी चलाउन कठिन हुने गरी न्यूनतम ज्याला नपाउनु, मूल्यवृद्धि, शिक्षा–स्वास्थ्य जस्ता आधारभूत आवश्यकतामा पहुँच नहुनु जस्ता बिसय सामेल छन।

**मौरी पालन शिविर**

सोयल कन्जर्भेसनको बिशेष पहलमा मौरी पालकहरुलाई सिंग्रीताममा एक दिने मौरी पालन माथि प्रशिक्षण शिविर सम्पन्न गरिएको छ। सिंग्रीताम, मानेडाँडा अनि लामाहट्टा ग्राम पञ्चायत क्षेत्रका उद्यमी मौरी पालकहरु एवं अन्य उद्यमीहरुलाई लिएर आयोजन गरिएको उक्त एक दिने प्रशिक्षण शिविरमा प्रशिक्षक अमर राईले नयाँ मौरीलाई डुडँमा कसरी हुल्ने, मौरीले संचय गर्न वा बनाउन थाले पछि के कस्ता सावधानी अप्नाउन पर्छ भन्ने बारे विस्तृत जानकारी गराएका थिए भने डुडँलाई कुन स्थान वा दिशामा राख्दा सही ठहर्छ भन्ने बारे जानकारी दिदै मौरीको प्रकार अनि कुन कुन ऋतुमा के कस्ता बिषयलाई ध्यान दिइनु पर्ने भन्ने बारेमा व्यवहारिक रुपमा पनि अवगत गराए। उक्त अवसरमा सोयल कन्जरभेसनका निर्देशक पि० एन० शर्मा लगायत मानेडाँडा ग्राम पञ्चयत प्रधान पासाङकित लेप्चा, उपप्रधान नथिनियल लेप्चा आदिको उपस्थिति रहेको थिए।

**दियाली**

नागरी फार्म चियाकमान चउँर गाउँ निवासी सङ्घराज दियालीले उत्तर बङ्गाल विश्वविद्यालयबाट रसायन विज्ञानमा पीएचडी पूर्ण गरेका छन। डा सुकराज दियाली र बबिता दियालीको माइलो छोरा दियालीले आफ्नो शैक्षिक जीवन अर्किड भ्याली अकाडेमी पोखरेबुङबाट शुरु भएर lewis english school mirikबाट (ICSE) ,(Lincolns High School ,ISCE तथा ST. Joseph's College Darjeeling बाट रसायन विज्ञान (Chemistry)मा B .sc सम्मान सहित परीक्षा उत्तीर्ण गरी सिक्किम विश्वविद्यालयबाट रसायन विज्ञानमा एमएस्सी परीक्षा उत्तीर्ण गरेपछि नर्थ बेङ्गल युनिभर्सिटी ( University of North Bengal)बाट Development of Coordination-Driven Functional Molecules for Electrocatalytic Hydrogen Production and Optoelectronic Applications.शीर्षकमा आज पीएचडी उपलब्धि गरेका छन्।

**उधौली पूजा**

बिजनबारीको प्रसिद्द पर्यटक स्थल मेगीटार स्थित निर्माण गरिएको किराँत राईहरुको मांगखिममा आगामी 4 दिसम्बरको दिन भव्य रूपमा उधौली पूजा गरिने भएको छ। यसको जानकारी माङखिम निर्माण कमिटीका सचिव राजु चाम्लिङले दिए भने सबै खम्बु राईहरुलाई त्यस दिन पुजा तथा चासुम पर्वमा उपस्थित भई दिने उनले अपिल गरेका छन्। खम्बु किराँती राईहरुको निम्ति निर्माण गरिएको माङखिम अहिले पूर्ण रूपमा निर्माण भइसकेको तथा उक्त दिन उधौली तथा चासुम पर्व मनाउने निर्माण कमिटी द्वारा निर्णय लिईएको चाम्लिङले जनाए।

***********